# बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मिति: २०७३/५/१५)
(पहिलो संशोधन मिति: २०७५।०८।२६)

**प्रस्तावना:** नेपालभित्र गुणस्तरयुक्त सूचित बीउ बिजनको व्यवस्थित तवरबाट बिक्री वितरणको लागि इजाजतपत्र लिई बीउ बिजनको कारोबारमा संलग्न हुन चाहने व्यवसायीको दर्ता एवम् अनुगमन गर्न वाञ्छनीय भएकोले, बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३" रहेको छ।

(२) यो निर्देशिका स्वीकृति भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ।
(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ सम्झनु पर्छ।
(ग) "निर्देशिका" भन्नाले बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ सम्झनु पर्छ।
(घ) "समिति" भन्नाले ऐनको दफा ३ अनुसार गठित राष्ट्रिय बीउ बिजन समितिलाई सम्झनु पर्छ।
(ङ) "नियमनकारी निकाय" भन्नाले ऐन तथा नियमावली कार्यान्वयनसँग सरोकार राख्ने बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, प्रादेशिक/ केन्द्रिय बीउ बिजन परीक्षण प्रयोगशालाहरू तथा कृषि ज्ञान केन्द्रहरूलाई सम्झनु पर्छ।
(च) "बीउ बिजन व्यवसायी" भन्नाले बीउ बिजन उत्पादन, प्रशोधन तथा बिक्री वितरणमा संलग्न हुने व्यक्ति, संस्था वा निकायलाई सम्झनु पर्छ।
(छ) "केन्द्र" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनुपर्छ।
(ज) "ज्ञान केन्द्र" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनुपर्छ।

३. **अनुमतिपत्र लिनुपर्ने** :(१) कुनै व्यक्ति, संस्था वा निकायले सूचित बीउ बिजन उत्पादन वा खरीद गरी बिक्री वितरण गर्न चाहेमा नियमावलीको नियम १९ को उप-नियम (१) बमोजिम सम्बन्धित ज्ञान केन्द्रमा निवेदन दिई अनुमतिपत्र लिनु पर्नेछ।

(२) उप-दफा (१) बमोजिम अनुमतिपत्र लिनको लागि देहाय अनुसारका कागजातहरू संलग्न गर्नु पर्नेछ :-

(क) नियमावलीको अनुसूची- ९ बमोजिमको निवेदन,
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) निवेदनसाथ चारसय रुपैयाँ राजस्व दस्तुर बुझाएको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद,
(घ) निवेदकको दुई प्रति पासपोर्ट साइजको फोटो,
(ङ) कुनै संस्थाको तर्फबाट अनुमतिपत्र प्राप्त गर्न चाहेको भए त्यस्तो संस्थाका तर्फबाट दिईएको अख्तियारीपत्र, संस्था दर्ताको प्रमाणपत्र, पान दर्ता प्रमाणपत्रको प्रतिलिपि, र
(च) निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

(३) उप-दफा (२) बमोजिम ज्ञान केन्द्रमा प्राप्त हुन आएको निवेदनसाथ संलग्न कागजातहरू मध्ये पेश भएका प्रतिलिपिहरू सक्कल प्रमाणपत्रसंग भिडाई हेर्नु पर्नेछ र सबै कुरा दुरुस्त पाइएमा ज्ञान केन्द्रले निवेदन दर्ता गर्नु पर्नेछ।



कृषि तथा पशुपन्छी विकास मन्त्री

प्रमुख बीउ विकास अधिकृत

४. **निवेदन छानबिन, व्यवसायी दर्ता, र अनुमतिपत्र वितरण** : (१) बीउ बिजन व्यवसायीको रूपमा अनुमतिपत्र प्राप्त गर्न निवेदन दिने व्यक्ति, संस्था वा निकायबारे ज्ञान केन्द्र थप स्पष्ट हुन चाहेमा निवेदनसाथ संलग्न भएका बाहेक सम्बन्धित अन्य विवरण माग गर्न सक्नेछ र माग गरेको विवरण पेश गर्नु सम्बन्धित निवेदकको कर्तव्य हुनेछ।

(२) निवेदनको सबै प्रकृया पूरा भइसके पछि ज्ञान केन्द्रले छानबिन गरी उपयुक्त देखिएमा निवेदकलाई बीउ बिजन व्यवसायीको रूपमा दर्ता गरी नियमावलीको नियम १९ को उप-नियम (२) बमोजिम व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र दिनु पर्नेछ।

(३) ज्ञान केन्द्रले अनुमतिपत्र प्रदान गरेको व्यवसायीहरूको विवरण अनुसूची-१ को ढाँचामा भरी चौमासिक समाप्त भएको पन्ध्र दिनभित्र केन्द्रमा पठाउनु पर्नेछ।

५. **तालिम लिनुपर्ने** : (१) बीउ बिजन व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र लिन चाहने व्यवसायीले त्यस्तो अनुमतिपत्र लिनु अगावै अनिवार्य रूपमा तिन दिने बीउ बिजन उत्पादन तथा व्यवस्थापन सम्बन्धी अभिमूखीकरण तालिम लिई तालिम उत्तीर्ण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका लागू हुनु पूर्व अनुमतिपत्र प्राप्त गरी व्यवसाय संचालन गर्दै आएका व्यवसायीहरूले यसै निर्देशिका बमोजिम अनुमतिपत्र प्राप्त गरेको मानिनेछ। यो निर्देशिका लागू भए पश्चात प्राथमिकताका आधारमा तालिममा सहभागी भई त्यस्तो तालिम उत्तीर्ण गर्नु पर्नेछ। यस्तो तालिममा अनुत्तीर्ण हुने सहभागीलाई परीक्षा उत्तीर्ण गर्ने मौका दिनु पर्नेछ।

६. **शाखा खोल्न सक्ने** : (१) बीउ बिजनको कारोवार गर्न अनुमतिपत्र लिएका व्यवसायीले ज्ञान केन्द्रको स्वीकृति लिई आफूले अनुमतिपत्र प्राप्त गरेको जिल्ला भित्र वा अन्य जिल्लामा शाखा विस्तार गरी कारोबार सञ्चालन गर्न सक्नेछन्।

(२) शाखा विस्तार गर्न चाहने व्यवसायीले जिल्ला भित्र वा अन्य जिल्लामा शाखा खोली कारोवार सञ्चालन गर्न अनुसूची-२ को ढाँचामा आफूले अनुमतिपत्र प्राप्त गरेको ज्ञान केन्द्रमा निवेदन दिई अनुसूची-३ अनुसार स्वीकृति लिनु पर्नेछ। अन्य जिल्लामा शाखा खोल्न स्वीकृति पाएमा सो शाखामा काम गर्ने प्रमुख व्यक्तिको व्यक्तिगत विवरण सहित स्वीकृतिको जानकारी सम्बन्धित ज्ञान केन्द्रलाई दिनु पर्नेछ।

(३) उप-दफा (१) अनुसार खुल्ने नयाँ शाखामा काम गर्ने प्रमुखले दफा ५ को उप-दफा (१) मा उल्लिखित तालिम उत्तीर्ण गरेको हुनु पर्नेछ।

७. **अनुमतिपत्रको निलम्बन, फुकुवा र दर्ता खारेज गर्न सक्ने अवस्था** :बीउ बिजन व्यवसायीले लिएको अनुमतिपत्र देहायको अवस्थामा ज्ञान केन्द्रले निलम्बन वा खारेज गर्न सक्नेछ :-

(क) ऐन र नियमावलीको बर्खिलाप हुने कुनै काम कारबाही गरेको विषयमा नियमावलीको नियम ३७ बमोजिम मुद्दा दायर भई कारबाही किनारा नलागेसम्म त्यस्तो व्यवसायीको अनुमतिपत्र निलम्बन गर्न सक्नेछ।

(ख) खण्ड (क) बमोजिम अनुमतिपत्र निलम्बन भएको जानकारी ज्ञान केन्द्रले अनुसूची-४ को ढाँचामा सम्बन्धित व्यवसायी, स्थानीय प्रशासन, सम्बन्धित प्रादेशिक भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, सम्बन्धित प्रादेशिक बीउ बिजन परीक्षण प्रयोगशाला र समितिको सचिवालयलाई दिनुपर्नेछ।

(ग) अनुमतिपत्र निलम्बन भएको समयमा व्यवसायीले बीउ बिजनको व्यवसाय गर्न पाउने छैनन्।

(घ) सम्बन्धित व्यवसायीले नियमावलीको नियम ३७ बमोजिम दायर भएको मुद्दाबाट सफाई पाएमा व्यवसायीको निलम्बन फुकुवा गरिनेछ र सोको जानकारी ज्ञान केन्द्रले अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित व्यवसायी, स्थानीय प्रशासन, सम्बन्धित प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सम्बन्धित प्रादेशिक बीउ बिजन परीक्षण प्रयोगशाला र समितिको सचिवालयलाई दिनेछ।

(ङ) खण्ड (घ) बमोजिम अदालतबाट सफाई नपाएमा सम्बन्धित व्यवसायीलाई जानकारी दिई त्यस्तो व्यवसायीको अनुमतिपत्र सम्बन्धित ज्ञान केन्द्रले खारेज गर्न सक्नेछ।

(च) खण्ड (ङ) बमोजिम अनुमतिपत्र खारेज भएमा त्यसको जानकारी अनुसूची-६ को ढाँचामा ज्ञान केन्द्रले सम्बन्धित व्यवसायी, स्थानीय प्रशासन, सम्बन्धित प्रादेशिक भूमि व्यवस्था, कृषि

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

तथा सहकारी मन्त्रालय, सम्बन्धित प्रादेशिक बीउ बिजन परीक्षण प्रयोगशाला र समितिको सचिवालयलाई दिनु पर्नेछ ।

(छ) अनुमतिपत्र खारेज भएको व्यक्ति, संस्था वा निकायलाई पुनः त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र कम्तिमा दुई बर्षसम्म प्रदान गरिने छैन ।

८. **नामसारी तथा स्थान परिवर्तन सम्बन्धमा** : कुनै बीउ बिजन व्यवसायीले आफ्नो अनुमतिपत्र नामसारी गरी दिन वा व्यवसाय कुनै स्थानबाट अर्कोमा स्थानान्तरण गर्न चाहेमा सम्बन्धित ज्ञान केन्द्रले देहायको प्रकृया पूरा गरी नामसारी वा ठाउँसारी गर्न स्वीकृति दिन सक्नेछ :-

(क) नामसारी गरी दिन र लिन चाहने दुवै तर्फका व्यक्ति, संस्था वा निकायका अधिकार प्राप्त व्यक्ति ज्ञान केन्द्रमा उपस्थित भई संयुक्त रूपमा अनुसूची-७ बमोजिम निवेदन दिनु पर्नेछ ।

(ख) निवेदन साथ नामसारी गरी दिन चाहने व्यवसायीले प्राप्त गरेको सक्कल अनुमतिपत्र पेश गर्नु पर्नेछ । नामसारी गरी दिन वा लिन चाहने बीउ बिजन व्यवसायी संस्था वा निकाय भएको खण्डमा सो संस्था वा निकायको प्रतिनिधित्व गर्ने व्यक्तिले त्यस्तो संस्था वा निकायले सो व्यक्तिलाई नामसारी गरी दिन वा लिन अधिकार प्रदान गरेको पत्र निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

(ग) संयुक्त निवेदनको साथमा नामसारी गरी लिन चाहने व्यक्ति, संस्था वा निकायले दुईसय रुपैयाँ राजस्व दस्तुर बुझाएको सक्कलै बैंक भौचर वा ज्ञान केन्द्रमा नगद दाखिला गरेको रसिद संलग्न राख्नु पर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लेख गरिएका कागजातका अतिरिक्त नामसारी गरी लिन चाहने व्यक्ति, संस्था वा निकायले यस निर्देशिकाको दफा ३ को उप-दफा (२) को खण्ड (क), (ख), (घ), (ङ), र (च) मा उल्लेख भए बमोजिमका कागजातहरू निवेदनसाथ संलग्न राख्नु पर्नेछ ।

(ङ) खण्ड (क), (ख), (ग), र (घ) मा उल्लेख भए बमोजिमका कागजातहरू संलग्न राखी ज्ञान केन्द्रमा प्राप्त हुन आएको निवेदन ज्ञान केन्द्रले दर्ता गरी नामसारी गरी दिन सक्नेछ । नामसारीको निर्णय भई सके पछि ज्ञान केन्द्रको रेकर्डमा नामसारी गरी लिन चाहने व्यवसायीको सम्पूर्ण विवरण जनाई नियमावलीको अनुसूची-१० बमोजिमको अनुमतिपत्र तथा यस निर्देशिकाको अनुसूची-८ बमोजिम नामसारी स्वीकृतिपत्र प्रदान गर्नेछ र सोको जानकारी ज्ञान केन्द्रले केन्द्रमा दिनु पर्नेछ ।

(च) कुनै बीउ बिजन व्यवसायीले व्यवसाय सञ्चालन भई रहेको स्थानबाट आफ्नो मुख्य वा शाखा कार्यालय जिल्लाको अन्य स्थानमा वा अन्य जिल्लामा सारी कारोबार गर्न चाहेमा अनुसूची-९ बमोजिमको निवेदन ठाउँसारी गर्न चाहेको जिल्लास्थित ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ । ठाउँसारीको लागि दिने निवेदनसाथ सक्कल अनुमतिपत्र समेत पेश गर्नु पर्नेछ ।

(छ) खण्ड (च) अनुसार पेश भएको निवेदनको साथमा दुईसय रुपैयाँ राजश्व दस्तुर बुझाएको सक्कलै बैंक भौचर वा ज्ञान केन्द्रमा नगद दाखिला गरेको रसिद संलग्न राख्नु पर्नेछ ।

(ज) खण्ड (च) अनुसार पेश भएको निवेदनसाथ यस निर्देशिकाको दफा ३ को उप-दफा (२) को खण्ड (ख) र (घ) मा उल्लिखित कुराहरू समेत समावेश गर्नु पर्नेछ ।

(झ) उही जिल्लामा ठाउँसारी गर्ने हिसावले खण्ड (च), (छ), र (ज) मा उल्लेख भए बमोजिमका सबै कागजातहरू समेटी पेश भएको निवेदन ज्ञान केन्द्रले दर्ता गरी ठाउँसारी गरी दिन सक्नेछ । ठाउँसारी गर्न दिने निर्णय भई सके पछि ज्ञान केन्द्रले आफ्नो रेकर्डमा जनाई पहिले प्रदान गरिएको अनुमतिपत्र रद्ध गरी अनुसूची-१० बमोजिम ठाउँसारीको अनुमतिपत्र प्रदान गर्न सक्नेछ । यसरी दिइने अनुपतिपत्रको कैफियतमा पहिलाको प्रमाणपत्रको दर्ता नम्बर र मिति उल्लेख गरी दिनु पर्छ ।

(ञ) अर्को जिल्लामा ठाउँसारी गर्न चाहने व्यवसायीको हकमा पहिले व्यवसाय संचालन गरी रहेको जिल्लास्थित ज्ञान केन्द्रको सिफारिसमा खण्ड (झ) मा उल्लिखित प्रक्रिया अवलम्वन गरी आफ्नो जिल्लामा ठाउँसारी गरी दिन सक्नेछ ।

९. **वार्षिक कारोबारको विवरण पेश गर्नु पर्ने** : बीउ बिजन व्यवसायीको रूपमा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति, संस्था वा निकायले आफूले एक आर्थिक बर्षमा गरेको बीउ बिजनको कारोबारको विवरण अनुसूची-११ बमोजिम तयार गरी श्रावण मसान्तभित्र ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ । शाखा कार्यालय समेत हुने

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय बीउ बिजन गुणस्तर नियन्त्रण ... हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

व्यवसायीले मुख्य र शाखा कार्यालयको एकमुष्ट विवरण खुलाई ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।

१०. **बीउ बिजन व्यवसायीको अनुगमन** : (१) बीउ बिजनको कारोबारमा संलग्न व्यवसायीले ऐन, नियमावली एवं निर्देशिका अनुरुप व्यवसाय सञ्चालन गरे नगरेको सम्बन्धमा जिल्लामा कार्यरत बाली निरीक्षक, बीउ बिजन नमूना संकलक, सम्बन्धित विषयका अधिकृतहरू वा ज्ञान केन्द्र प्रमुख तथा केन्द्रमा कार्यरत सम्बन्धित विषयका अधिकृतहरूबाट आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरिनेछ ।

(२) अनुगमन तथा निरीक्षणमा जाने पदाधिकारीले अन्य कुराहरूका अतिरिक्त अनुमतिपत्र लिई कारोवार गरे नगरेको, अनुमतिपत्रको नवीकरण समयमा गरे नगरेको, सूचित भएका बाहेक अन्य बीउ बिजनको कारोवार गरे नगरेको, निश्चित स्थान वा क्षेत्रको लागि सिफारिस गरिएका बालीका जातको बीउ अन्य स्थान वा क्षेत्रमा बिक्री गर्ने गरे नगरेको, बीउ बिजन राखिएको भाँडोमा संकेतपत्र भए नभएको, संकेतपत्रमा खुलाउनु पर्ने आवश्यक विवरण खुले नखुलेको, बीउ बिजनको अतिरिक्त व्यवसायीले कारोबार गर्ने अन्य सामग्रीको भण्डारण तथा बिक्री कक्षको अवस्थाका बारेमा अवलोकन तथा सोधपुछबाट जानकारी लिई आफ्नो प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) अनुगमन तथा निरीक्षणमा जाने पदाधिकारीले व्यवसाय स्थलमा पुगी सर्वप्रथम व्यवसायीलाई आफ्नो पूरा परिचय दिई अनुगमन तथा निरीक्षणको लागि व्यवसाय स्थलमा आएको जानकारी गराउनु पर्नेछ र व्यवसायीले माग गरेको खण्डमा आफ्नो परिचय खुल्ने परिचयपत्र समेत देखाउनु पर्नेछ ।

(४) अनुगमन तथा निरीक्षणमा खटिई आएको व्यक्तिलाई व्यवसायसंग सम्बन्धित विषयमा जानकारी दिनु तथा अनुगमनमा खटिएका व्यक्तिले दिएका सुझाव एवम् निर्देशनको पालना गर्नु सम्बन्धित बीउ बिजन व्यवसायीको कर्तव्य हुनेछ ।

(५) अनुगमनमा खटिएको व्यक्तिले अनुगमनको क्रममा पाइएका कुराहरूको गम्भिरतालाई मनन् गरी सुधार गर्न सकिने विषयहरूको हकमा सुधार गर्न व्यवसायीलाई मौखिक वा लिखित सुझाव दिन सक्नेछन् । अनुगमनबाट फर्के पछि त्यस्तो मौखिक वा लिखित सुझाव दिएका कुराहरू बारे आफू कार्यरत ज्ञान केन्द्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

(६) अनुगमनका क्रममा व्यवसायीले ऐन, नियमावली, र निर्देशिकाको बर्खिलाप हुने गरी काम कारबाही गरेको भेटिएमा र त्यस्तो व्यवसायीलाई आवश्यक कानूनी कारबाही चलाउन मनासिव देखेको खण्डमा अनुगमनकर्ताले सो सम्बन्धी जानकारी सम्बन्धित जिल्लाको बीउ बिजन नमूना संकलकलाई दिनु पर्नेछ ।

११. **निर्देशिकामा संसोधन** : नेपाल सरकारको स्वीकृतिमा राष्ट्रिय बीउ बिजन समितिले आवश्यकता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

१२. **खारेजी र बचाउ** :(१) बीउ बिजन व्यवसायी दर्ता गर्ने व्यवस्था गर्न बनेको कार्यविधि, २०६२ खारेज गरिएको छ ।

(२) उप-दफा (१) मा उल्लिखित कार्यविधि अनुसार भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

अनुसूची-३

(दफा ४ को उप-दफा (३) सँग सम्बन्धित)

बीउ बिजनको कारोबार गर्न अनुमतिपत्र प्रदान गरिएका व्यवसायीहरूको विवरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
.........................

**बीउ बिजनको कारोबार गर्न अनुमतिपत्र लिएका व्यवसायीहरूको विवरण**

आ.व. :
चौमासिक :

| क्र.स. | व्यवसायीको नाम | पद (संस्थाको हकमा) | स्थायी ठेगाना | फर्मको नाम | फर्मको ठेगाना | फोन नं. | इमेल | अनुमतिपत्र नं. | जारी गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेको
दस्तखत : ..........................
नाम :
मिति :

प्रमाणित गर्ने कृषि ज्ञान केन्द्र प्रमुखको
दस्तखत :.................................
नाम :
मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाडौं

## अनुसूची-२

(दफा ६ को उप-दफा (२) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको शाखा विस्तार गर्न दिने निवेदन

**विषय : बीउ बिजन बिक्री वितरण गर्ने शाखा विस्तार गरी पाउँ ।**

श्री प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,
......................................

मैले/हामीले यस कृषि ज्ञान केन्द्रबाट अनुमतिपत्र लिई सूचित बीउ बिजनको कारोबार गरी राखेको छु/छौं । मेरो/हाम्रो कारोबारको आकार बढ्दै गएकोले निम्न उल्लिखित स्थानमा शाखा विस्तार गरी बीउ बिजनको कारोबार गर्ने विचार गरेको छु/छौं । बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ को दफा ६ मा भएको व्यवस्था बमोजिम शाखा खोल्ने स्वीकृति पाउँ भनी निवेदन गरेको छु/छौं ।

**नयाँ खुल्ने शाखाको विवरण**

शाखा सञ्चालन हुने स्थान :
शाखा सञ्चालन गर्ने
प्रमुख व्यक्तिको नाम :
फोन नं :
इमेल :

शाखा सञ्चालन हुने स्थान :
शाखा सञ्चालन गर्ने
व्यक्तिको नाम :
फोन नं :
इमेल :

**निवेदकको,**

दस्तखत :
नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :
निवेदनको मिति :

बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लो पटक नवीकरण गरेको मिति :

..........................................................................................................................................

**कार्यालय प्रयोजनका लागि**

निवेदन दर्ता नं. :
दर्ता मिति :
कृषि ज्ञान केन्द्रको निर्णय :
निर्णय मिति :
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी दिएको मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची- ३**

(दफा ६ को उप-दफा (२) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको लागि शाखा विस्तार गर्ने स्वीकृति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
.........................

**मितिः**

**विषयः शाखा विस्तार गर्ने स्वीकृति ।**

स्वीकृति पत्र नं. :
मिति :

यस ज्ञान केन्द्रको मिति ........................ को निर्णय अनुसार निम्न बमोजिमको विवरण भएका श्री ........................................ लाई बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ को दफा ६ को उप-दफा (२) बमोजिम बीउ बिजन बिक्री वितरणको लागि निम्न स्थानमा शाखा खोल्ने स्वीकृति प्रदान गरिएको छ ।

**व्यवसायीको विवरण**

नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :

बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लो पटक नवीकरण गरेको मिति :

**नयाँ खुल्ने शाखाको विवरण**

शाखा सञ्चालन हुने स्थान :
शाखा सञ्चालन गर्ने प्रमुखको
नाम :
फोन नं:
इमेल :

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

.............................
(नाम थर)
पद

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**अनुसूची-४**

(दफा ७ को खण्ड (ख) सँग सम्बन्धित)

बीउ बिजन खरीद बिक्रीको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र निलम्बन गरिएको जानकारी

नेपाल सरकार
कृषि तथा पशपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
.........................

मिति:

श्री ........................................
............................................

**विषय : अनुमतिपत्र निलम्बन गरिएको जानकारी ।**

तपाई/त्यस संस्थालाई यस ज्ञान केन्द्रबाट मिति ................................ मा बीउ बिजन उत्पादन तथा खरीद गरी बिक्री वितरणको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र नं. ....... तपाईं/त्यस संस्थाले ऐन र नियमावलीको बर्खिलाप हुने गरी काम कारबाही गरेको भनी नियमावलीको नियम ३७ बमोजिम ................ ............................. अदालतमा मुद्दा दायर भएको/पुनरावेदन भएको हुँदा उक्त मुद्दाको अन्तिम टुंगो नलागेसम्म निलम्बन गरिएको व्यहोरा जानकारी गराइन्छ । अनुमतिपत्र निलम्बन भएको समयमा तपाई/त्यस संस्थाले बीउ बिजनको कारोबार गर्न नपाउने व्यहोरा समेत जानकारी गराइन्छ ।

**अनुमतिपत्र निलम्बन गर्ने अधिकारीको**

दस्तखत :
नाम, थर :
दर्जा :
मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्री

................................
(नाम थर)
पद

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**अनुसूची- ५**

(दफा ७ को खण्ड (घ) सँग सम्बन्धित)

अनुमतिपत्रको निलम्बन फुकुवा गरिएको जानकारी

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
.........................

मितिः

श्री .......................................
............................................

**विषय : अनुमतिपत्रको निलम्बन फुकुवा गरिएको जानकारी ।**

तपाई/त्यस संस्थाले नियमावलीको नियम ३७ बमोजिम .................................. ........... मा दायर भएको/पुनरावेदन भएको मुद्दाबाट मिति ................. मा भएको फैसला बमोजिम सफाई पाएको र सो मुद्दाको पुनरावेदन गर्ने समय सीमाभित्र पुनरावेदन नगरिएको हुँदा यस ज्ञानकेन्द्रको मिति ............... को पत्रानुसार निलम्बन गरिएको तपाईं/त्यस संस्थाको बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. ....... मिति .................देखि फुकुवा गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**अनुमतिपत्रको निलम्बन फुकुवा गर्ने अधिकारीको**

दस्तखतः
नाम, थर :
दर्जा :
मिति :

...............................
(नाम थर)
पद

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**अनुसूची-६**

(दफा ७ को खण्ड (च) सँग सम्बन्धित)

बीउ बिजन खरीद बिक्रीको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र खारेज गरिएको जानकारी

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
..........................

मितिः

श्री .......................................
..............................................

**विषय : अनुमतिपत्र खारेज गरिएको जानकारी ।**

तपाई/त्यस संस्थालाई यस ज्ञान केन्द्रबाट मिति ................................ मा बीउ बिजन उत्पादन तथा खरीद गरी बिक्री वितरणको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र नं. ....... तपाई/त्यस संस्थाले ऐन र नियमावलीको बर्खिलाप हुने गरी काम कारबाही गरेको भनी नियमावलीको नियम ३७ बमोजिम ........................................... मा दायर गरिएको/पुनरावेदन गरिएको मुद्दामा .................................................... (ज्ञानकेन्द्र) ले मिति ...................... मा गरेको फैसला बमोजिम प्रमाणित भएकोले तपाईं/त्यस संस्थालाई प्रदान गरिएको माथि उल्लिखित अनुमतिपत्र नं. ....... यस ज्ञानकेन्द्रको मिति ....................... को निर्णयानुसार खारेज गरिएको व्यहोरा जानकारी गराइन्छ । निर्देशिकाको दफा ७ को खण्ड (ङ) को प्रावधान बमोजिम तपाईं/त्यस संस्थालाई पुनः त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र कम्तिमा दुई बर्षसम्म प्रदान गर्न नमिल्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**अनुमतिपत्र खारेज गर्ने अधिकारीको**

दस्तखत :
नाम, थर :
दर्जा :
मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्री

...............................
(नाम थर)
पद

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**अनुसूची-७**

(दफा ८ को खण्ड(क) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरण सम्बन्धी अनुमतिपत्र नामसारी गर्न दिने निवेदन

**विषय : अनुमतिपत्र नामसारी गरी पाउँ ।**

श्री प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,
..................................

मेरो/हाम्रो नाममा यस ज्ञानकेन्द्रमा दर्ता भएको बीउ बिजन व्यवसायी अनुमतिपत्र मेरो/हाम्रो नामबाट तल उल्लिखित विवरण बमोजिमका व्यवसायीलाई नामसारी गरी दिन चाहेकाले हामी नामसारी गरी दिन तथा नामसारी गरी लिन चाहने दुवै पक्षको मंजुरीमा यो निवेदन पेश गरेका छौं । बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ को दफा ८ को खण्ड (क) मा भएको व्यवस्था बमोजिम नामसारी गरी पाउँ ।

**नामसारी गरी दिन चाहनेको विवरण**

दस्तखत :
बीउ बिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :
बीउबिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति :

**नामसारी गरी लिन चाहनेको विवरण**

दस्तखत :
बीउ बिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :

निवेदनको मिति :

.....................................................................................................................

**कार्यालय प्रयोजनका लागि**

निवेदन दर्ता नं. :
दर्ता मिति :
कृषि ज्ञान केन्द्रको निर्णय :
निर्णय मिति :
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी दिएको मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-८**

(दफा ८ को खण्ड(ङ) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणसम्बन्धी नामसारीपत्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
.........................

**मितिः**

**विषय : नामसारी स्वीकृति पत्र ।**

श्री ............................,
.................................,

तपाई(हरू)ले मिति .................मा यस ज्ञानकेन्द्रमा दिनुभएको बीउ बिजन बिक्री वितरण नामसारी सम्बन्धी निवेदन अध्ययन गरी तल उल्लेख भएबमोजिमका व्यवसायीलाई बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ को दफा ८ मा भएको व्यवस्था बमोजिम निर्णय गरी यो नामसारी स्वीकृतिपत्र दिइएको छ । अतः बीउ बिजन ऐन तथा नियमावली र यस निर्देशिकाको परिधि भित्र रही कार्य गर्नु हुन समेत सूचित गरिन्छ ।

प्रमाणित गर्नेको
दस्तखत :
नाम :
पद :

बोधार्थ :
..................................

**नामसारी गरी दिनेको विवरण**

बीउबिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :
बीउबिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति :

**नामसारी गरी लिनेको विवरण**

बीउबिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-९**

(दफा ८ को खण्ड(च) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको ठाउँसारी गर्न दिने निवेदन

**विषय : बीउ बिजन बिक्री वितरण गर्ने ठाउँसारी गरी पाउँ ।**

श्री प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,
.................................

मेरो/हाम्रो नाममा यस ज्ञानकेन्द्रमा दर्ता भएको बीउ बिजन व्यवसायी अनुमतिपत्रमा उल्लेख भएको कारोबार सञ्चालन हुने स्थान निम्नबमोजिम परिवर्तन गर्नुपर्ने भएकोले ठाउँसारी गरी पाउँ भनी यो निवेदन पेश गरेको छु/छौं । बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ को दफा ८ को खण्ड (च) मा भएको व्यवस्था बमोजिम ठाउँसारी गरी पाउँ ।

**निवेदकको,**

दस्तखत :
नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको हालको ठेगाना : फर्मको नयाँ ठेगाना :
फोन नं : फोन नं :
इमेल : इमेल :

बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति :

निवेदनको मिति :

..........................................................................................................................

**कार्यालय प्रयोजनका लागि**
निवेदन दर्ता नं. :
दर्ता मिति :
कृषि ज्ञान केन्द्रको निर्णय :
निर्णय मिति :
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी दिएको मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**अनुसूची-१०**

(दफा ८ को खण्ड(झ) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको ठाउँसारी पत्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, .........
कृषि ज्ञान केन्द्र,
..........................

**विषय : बीउ बिजन बिक्री वितरण गर्ने ठाउँसारीपत्र ।**

श्री ..................................,
.......................................

तपाई(हरू)ले मिति .................मा यस ज्ञानकेन्द्रमा दिनुभएको बीउ बिजन बिक्री वितरण ठाउँसारीसम्बन्धी निवेदन अध्ययन गरी बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७५ को दफा ८ मा भएको व्यवस्था बमोजिम यो ठाउँसारी स्वीकृतिपत्र दिइएको छ । अतः बीउ बिजन ऐन तथा नियमावली र यस निर्देशिकाको परिधि भित्र रही कार्य गर्नु हुन समेत सूचित गरिन्छ ।

**प्रमाणित गर्नेको,**
दस्तखत :
नाम थर :
पद :

बोधार्थ :
.........................................
.........................................

व्यवसायीको नाम :
स्थायी ठेगाना :
फर्मको नाम :

| फर्मको हालको ठेगाना : | फर्मको नयाँ ठेगाना : |
|---|---|
| फोन नं : | फोन नं : |
| इमेल : | इमेल : |

बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति :
निवेदन स्वीकृत मिति :

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर
प्रमुख बीउ विकास अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-११

(दफा ९ सँग सम्बन्धित)

बीउ बिजनको कारोबारमा संलग्न व्यवसायीले कृषि ज्ञानकेन्द्रमा पेश गर्नुपर्ने बार्षिक कारोबारको विवरण

**विषय : बीउ बिजनको वार्षिक कारोबारको विवरण पेश गरेको बारे ।**

श्री प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,
..................................

मैले/हाम्रो संस्थाले आर्थिक वर्ष ................ मा गरेको बीउ बिजनको उत्पादन, खरीद तथा बिक्री वितरणको विवरण निम्नानुसार पेश गरेको छु ।

| क्र. सं. | उत्पादन र खरीद | | | | बिक्री | | | मौज्दात (कि.ग्रा.) |
|---|---|---|---|---|---|---|---|---|
| | स्रोत | बाली | जात | परिमाण (कि.ग्रा.) | बाली | जात | परिमाण (कि.ग्रा.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट : खरीदको स्रोतमा आफूले कहाँबाट खरीद गरेको हो खुलाउने । आयात वा आन्तरिक बजारबाट खरीद गरेको मात्र उल्लेख गर्ने ।

**विवरण पेश गर्नेको,**

दस्तखत :
नाम :
पद (संस्था वा निकायको हकमा) :
फर्मको नाम :
फर्मको ठेगाना :
शाखा कार्यालय छन् भने तीनको नाम, ठेगाना : १.
२.
३.
फोन नं :
बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
पेश गरेको मिति :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर
प्रमुख बीउ विकास अधिकृत